**२०७६ साल कार्तिक १४ गते बिहिवार दिउँसो ४: ०० बजे बसेको मन्त्रिपरिषद्को बैठकको निर्णयः**

१. प्राइभेट फर्म नविकरण सम्बन्धी मार्गदर्शन, २०७५ को म्याद थप सम्बन्धी विषयको प्रस्तावः "प्रस्तावमा लेखिए बमोजिम गर्ने।"

२. सार्वजनिक निजी साझेदारीमा Rural Poverty Reduction by Diary Development in Nepal आयोजना संचालन गर्न बजेट व्यवस्था गर्ने सम्बन्धी विषयको प्रस्तावः "प्रस्तुत प्रस्तावमा देहाय बमोजिम गर्ने:

(क) मित्रराष्ट्र चीन सरकार र Chinese Academy of Agricultural Mechanization Sciences (CAAMS) समेतको सहयोगमा सार्वजनिक-निजी साझेदारीमा सञ्चालन हुने “Rural Poverty Reduction by Dairy Development in Nepal” नामक आयोजना यस प्रदेशमा सञ्चालन गर्न प्रदेश सरकारले आवश्यक लगानी सहजीकरण र सहयोग गर्ने ।

(ख) उक्त आयोजना प्रचलित कानून वमोजिम सार्वजनिक-निजी साझदारीको मोडेलमा सञ्चालनको लागि आवश्यक विधि र प्रकृया भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयले आर्थिक मामिला तथा योजना मन्त्रालय र आन्तरिक मामिला तथा कानून मन्त्रालयको समन्वयमा तयार गर्ने ।

(ग) उक्त आयोजना सञ्चालनको लागि आवश्यक पर्ने लगानी मध्ये प्रचलित कानूनको प्रकृया पूरा गरी प्रदेश सरकारको तर्फवाट आर्थिक मामिला तथा योजना मन्त्रालयको समन्वयमा बढीमा एघार करोड रुपैयासम्म भूमि व्यबस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रदेश सरकारको शेयर कायम हुने गरी लगानी गर्ने ।"

३. पोखरा स्क्वासकोर्ट तथा भवन निर्माण र कार्यालय सामाग्रीहरुको लागि आवश्यक बजेट स्वीकृति गर्ने सम्वन्धी विषयको प्रस्तावः "लागत अनुमानको आधारमा निजी क्षेत्र र सरोकारवाला समेतको लागत सहभागिता हुने गरी पोखरा स्क्वासकोर्टको भवन निर्माण गर्नका लागि आर्थिक मामिला तथा योजना मन्त्रालयले अर्थ विविध शीर्षकबाट हाललाई एक करोड रुपैया भौतिक पूर्वाधार विकास मन्त्रालयलाई उपलब्ध गराउने।"